annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५७, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २४ असोज २०८२ | कार्तिक कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४२ | FRIDAY, OCTOBER 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बेकामे मधेस जनलोकपाल आयोग


## गफमै सकियो ५ वर्ष, पास भएन नियमावली, छानबिन भएन उजुरी

मधेस प्रदेशमा आर्थिक पारदर्शिता, भ्रष्टाचार निवारण र सुशासन कायम गर्ने उद्देश्यका साथ गठन गरिएको जनलोकपाल आयोग काम न काजको भएको छ। प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार स्थापना भएको आयोग स्थापनाकालदेखि नै कर्मचारी अभाव, पदाधिकारीबीचको मनमुटाव र सरकारकै उपेक्षाका कारण बेकामे बन्न पुगेको हो।

समाचार पृष्ठ २

**मनिका झा/गोविन्द महतो** | *जनकपुरधाम*

– को रिपोर्ट




## ट्रम्पद्वारा ऐतिहासिक सम्झौता, ७२ घण्टाभित्र हमासद्वारा सबै बन्धक रिहा गरिँदै



**खेमराज जम्मरकट्टेल** | *तेल अविभ*

हमासको कब्जामा दुई वर्षदेखि रहेका बन्धकहरूलाई यही शनिबारदेखि सोमबारभित्र रिहा गरिने भएको छ। यस्तो ऐतिहासिक सम्झौता गराउन सफल भएकोमा बन्धक परिवारले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई धन्यवाद पत्र पठाएका छन्।

होस्टेज तथा मिसिङ परिवार फर्मको तर्फबाट पठाइएको उक्त पत्रमा परिवारहरूले लेखेका छन्, 'दुई वर्षको अन्धकारपछिको यो क्षण हाम्रो लागि पुनर्जन्मजस्तै हो। तपाईंको प्रयासले हाम्रो प्रियजनहरूलाई घर फर्काउन सहयोग मिलिरहेको छ र युद्धको अन्त्य गरायो। हामीले सदाको लागि गुमाएका ठानेका प्रियजनहरूलाई तपाईंले फर्काउनु लाग्नुभयो।'

पत्रमा भनिएको छ कि अब परिवारहरू राहतको सास फेर्न सक्षम भएका छन्। हराएका आफ्ना प्रियजनहरूलाई अँगाल्न पाएका छन् र जसको मृत्यु भएको छ, तिनीहरूलाई सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने भएको पत्रमा उल्लेख छ। 'तपाईंले आफ्नो वाचा पूरा गर्नुभयो र त्यसका लागि हामी सदैव कृतज्ञ रहनेछौं', पत्रमा भनिएको छ।

फोरमले ट्रम्पलाई उनको आगामी इजरायल भ्रमणका क्रममा भेट गर्न आग्रह पनि गरेको छ। 'हाम्रो पत्नीहरू, छोराछोरी, अभिभावक र दाजुभाइ दिदीबहिनीहरू तपाईंलाई प्रत्यक्ष धन्यवाद दिन चाहन्छन्', पत्रमा उल्लेख छ।

पत्रमा थप भनिएको छ, 'तपाईंको निर्वाचनको क्षणदेखि नै बन्धक परिवारहरू, इजरायलका जनतालगायत बन्धकहरूले पनि तपाईंप्रतिको विश्वास प्रकट गरेका थिए कि तपाईंले हाम्रो दुःस्वप्न समाप्त गरी क्षेत्रमा शान्ति ल्याउनुहुनेछ। यो इजरायल र उसका मित्रराष्ट्रबीचको इतिहासकै सबैभन्दा ठूलो समर्थनका रूपमा दर्ज हुन सक्छ।'

बाँकी पृष्ठ ६

## अन्तिम भनिएको १६ औं भूमि आयोग पनि खारेज

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अघिल्लो सरकारले अन्तिम भन्दै बनाएको भूमि समस्या समाधान आयोग पनि खारेज भएको छ। भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ बमोजिम २०८१ कात्तिक १३ गठन भएको आयोग र सबै जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आयोग र सबै जिल्ला समिति खारेज गरेको हो। एमाले नेता हरिप्रसाद रिजाल नेतृत्व आयोग र ७७ जिल्लामा रहेका जिल्ला समिति खारेज भएका छन्। सरकार परिवर्तनसँगै आयोग गठन र खारेज हुने कार्य चल्दै आएको छ। यो आयोग गठन र खारेजका नाममा राजनीति मात्रै भइरहेको छ।

०४६ सालको प्रजातन्त्र पुनर्स्थापनपछि ०४७ सालमा बलबहादुर राईको संयोजकत्वमा गठित आयोगदेखि हालसम्म १६ वटा आयोग गठन भइसकेका छन्। तर, न सुकुम्बासीका समस्या भएका छन् न अव्यवस्थित बसोबासको समस्या नै सुल्झेको छ। ०४८ सालमा कांग्रेस नेतृ शैलजा




आचार्यको अध्यक्षतामा आयोग बन्यो। त्यो आयोगले सुकुम्बासी परिवार पहिचानका लागि आह्वान गर्दा २ लाख ६३ हजार ३८ परिवारले निवेदन दिएका थिए। ०५१ सालको एमाले नेतृत्वको सरकारले ऋषिराम लुम्सालीको नेतृत्वमा आयोग बनायो।

लुम्साली नेतृत्वको आयोगले २४ हजार ४७० सुकुम्बासी, २४ हजार ५२ अव्यवस्थित बसोबासी, १९५ कमैया, ३ हजार ३०२ बाढीपहिरो पीडित गरी ५८ हजार ३४० परिवारलाई जग्गा वितरण गरेको थियो। २०५२ सालमा बुद्धिमान तामाङ, २०५४ सालमा चन्दा शाहले आयोग नेतृत्व गरे। पुनः २०५४ सालमा नै बुद्धिमान तामाङ पुन आयोग अध्यक्ष भए। २०५५ सालमा तारणीदत्त चटौत, २०५६ मा गंगाधर लम्साल, २०६३ मा कैलाश महतो, २०६६ मा गोपालमणि गौतम, २०६८ मा भक्तिप्रसाद लामिछानेले आयोग नेतृत्व गरे। २०७१ मा शारदाप्रसाद सुवेदी,२०७३ मा गोपाल दहित, २०७६ मा देवीप्रसाद ज्ञवाली र २०७८ मा केशव निरौलाले आयोग समालेका थिए। २०८१ कात्तिक १३ मा हरिप्रसाद रिजाल नेतृत्वमा अन्तिम भन्दै आयोग बनेको थियो।

यसैबीच मन्त्रिपरिषद्ले इलाम जिल्लालाई तीन महिनाका लागि विपद् संकटग्रस्त जिल्ला घोषणा गर्ने निर्णय पनि गरेका छ। सरकारका प्रवक्ता खरेलले भने, 'बैठकले इलाम जिल्लालाई तीन महिनाका लागि विपद् संकटग्रस्त जिल्ला घोषणा गर्ने निर्णय पनि गरेको छ।' प्रहरी नायब महानिरीक्षकहरू सुशीलसिंह राठौर, उमाप्रसाद चतुरवेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विकलाई एआईजीमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको प्रवक्ता खरेलले जानकारी दिए।

बाँकी पृष्ठ ६

## राप्ती प्रतिष्ठानका उपकुलपति भण्डारी सहित १३ विरुद्ध मुद्दा

**काठमाडौं** (अन्नपूर्ण) : अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकुलपति प्राडा संगीता सिंह भण्डारीसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले प्रतिष्ठानका लागि कम गुणस्तरको एमआरआई मेसिन खरिद गराई आर्थिक अनियमितता गरेको अभियोग लगाउँदै विशेष अदालतमा बिहीबार मुद्दा दायर गरेको हो। प्रतिष्ठानका तत्कालीन उपकुलपति प्राडा भण्डारीसहित तत्कालीन कायममुकायम रजिष्ट्रार झन्कार लामिछाने, फाइनान्स म्यानेजर कैलाशप्रसाद देव, बायोमेडिकल इन्जिनियर शरद भण्डारी लगायतविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

यसैगरी आयोगले राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानका डेपुटी फाइनान्स म्यानेजर नितिन कुर्मी, प्रतिष्ठानका शाखा अधिकृतद्वय छाया डीसी र श्रीराम चौधरी, आईटी अफिसर हिरालाल भण्डारी, तत्कालीन सिभिल इन्जिनियर मदन भण्डारी, तत्कालीन वरिष्ठ सहायक अन्जु शर्माविरुद्ध पनि मुद्दा दायर गरेको छ।

बाँकी पृष्ठ ६

# कांग्रेस नियमित महाधिवेशनतर्फ

## देउवाको सन्देश 'सबै एकताबद्ध भएर अघि बढ्नु'

**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले नियमित महाधिवेशनमै जाने प्रस्ताव केन्द्रीय समितिको बैठकमा लैजाने भएको छ। २६ गते बस्ने बैठकमा लैजाने एजेन्डा तयारीका लागि बसेको पदाधिकारी बैठकमा अधिकांश पदाधिकारीले नियमित महाधिवेशनमै केन्द्रित भएर अगाडि जानुपर्ने प्रस्ताव राखेका थिए।

बैठकमा पार्टी सभापति शेरबहादुर देउवा भने अनुपस्थित थिए। ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकको अध्यक्षता उपसभापति पूर्णबहादुर खड्काले गरेका थिए।

बैठकमा महामन्त्री गगन थापाले नियमित महाधिवेशनको मौखिक प्रस्ताव लगे। केही समययतादेखि विशेष महाधिवेशन गर्न भन्दै हस्ताक्षर अभियानमै रहेका महामन्त्री थापा स्वयंले पनि नियमित महाधिवेशनको प्रस्ताव लगेका थिए। बैठकमा सहभागी एक पदाधिकारीले भने, 'बैठकमा महामन्त्री गगन थापाले पहिलो प्राथमिकता नियमित




महाधिवेशन गर्ने प्रस्ताव ल्याउनुभयो। उहाँले मौखिक रूपमै उक्त कुरा गर्नुभयो यही विषयमा केहीबेर छलफल भयो। अधिकांशको प्राथमिकता नियमित महाधिवेशनमै जाऊ भन्ने थियो।'

महामन्त्री थापाले बैठकमा नियमित महाधिवेशन मंसिरभित्रै गर्नुपर्ने प्रस्ताव सँगै सोहीअनुसार उनले कार्यतालिका पनि पेस गरेका थिए। महामन्त्री थापा र विश्वप्रकाश शर्माले बनाएको यो कार्यतालिका असोज २६ गतेको केन्द्रीय समिति बैठकमा पेस गर्ने तयारी छ। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै महामन्त्री थापाले भने, 'पार्टी कार्यसमितिको म्याद चार वर्ष भए पनि हामीले सामान्यतया १ वर्ष थप गरी ५ वर्ष बनाउने गरिएको थियो। यो कार्यसमितिको म्याद थप्ने प्रस्ताव असोज २६ को केन्द्रीय समितिमा म लैजान्न। सभापति देउवाको मात्र होइन, म आफैं महामन्त्री गगन थापाको पनि म्याद थप नहुने कुरा हो यो।'

अर्का महामन्त्री शर्माले मंसिरभित्र नियमित महाधिवेशन गर्नुपर्नेमा जोड दिएका थिए। बैठकमा आफ्नो धारणा राख्दै महामन्त्री शर्माले मंसिरभित्र महाधिवेशन गर्न नसकेको खण्डमा विशेष महाधिवेशन विकल्प भएको कुरा राखेका थिए। 'नियमित महाधिवेशन मंसिर मसान्तभित्रै गर्न सकिन्छ। महाधिवेशन अगाडि सक्नुपर्ने कामहरू के-के छन् यसले सभापतिज्यूको बहिर्गमनलाई पनि सहज बनाउनेछ।'

शर्माले महाधिवेशन तयारीका लागि राम्रैसँग खट्नुपर्ने नेतृत्व आवश्यक रहेकाले कार्यवाहकले त्यो गर्ने अथवा अरू कोही सिनियर नेताले संयोजन गर्ने भन्ने टुंगो गर्नु उचित हुने बताएका थिए। उनले नियमित महाधिवेशन गर्दा विधानमा संशोधन गरेर सबै तहमा व्यापक युवा सहभागिता बढाउन सकिने भन्दै अगाडि भने, 'खट्न नसकेको खण्डमा नियमित छोटो समयमा नियमित महाधिवेशन गर्न सकिन्न भन्ने हो भने, विशेष अधिवेशन गर्नुपर्ने हुन्छ।' विशेष महाधिवेशनका लागि ४० प्रतिशत बढी महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेकोले विशेष हुँदै नहुने भन्ने पनि नरहेको शर्माको तर्क थियो। केन्द्रीय समितिले चाहेमा विशेष महाधिवेशन बोलाउन मिल्ने प्रावधानअनुरूप बोलाउनु उपयुक्त हुने कुरा उनले राखेका छन्।

२१ फागुनमा चुनाव गर्न सरकारलाई साथ सँगै दबाब दिएर अघि बढ्नुपर्ने भन्दै उनले प्रतिनिधिसभा विघटनका विषयमा असंवैधानिक ठहर कार्यसम्पादनको बैठकले गरिसकेकाले अदालतले यसको संवैधानिक परीक्षण के गर्छ, त्यो नै अन्तिम हुने उनले बताए। शर्माले अगाडि भने, 'अबको उक्त भनेको सबै राजनीतिक दलले चुनावमार्फत प्रणालीलाई ट्र्याकमा ल्याउने बाटो रोज्नु हो।'

त्यसोत केही समयअघिदेखि कांग्रेसका महामन्त्रीद्वयले मंसिरभित्रै नियमित महाधिवेशन गर्नुपर्ने बताउँदै आएका थिए। यद्यपि अहिले पनि नियमित महाधिवेशनको प्रस्ताव लैजाने यदि नियमित समयमा विविध समस्या देखियो भने विशेष महाधिवेशन गर्ने विकल्प बाँकी राखेर जाने प्रस्ताव केन्द्रीय समिति बैठकमा राखिने भएको छ।

बाँकी पृष्ठ ६